प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७८/०७९ मा प्रि-डिप्लोमा तहको पूर्ण शूल्कीय तर्फको आवेदन फाराम भर्ने म्याद थप गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७८।०५।२३ गते)

उपर्युक्त सम्वन्धमा यस परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक शत्र २०७८/०७९ का लागि परिषद्का आंगिक, साझेदारी, टेक्स तथा निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरुमा प्रि-डिप्लोमा तहका बिभिन्न कार्यक्रमहरुमा मिति २०७८।०५।०२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक तथा www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय तर्फको आवेदन फाराम भर्ने अन्तिम मिति २०७८।०५।२३ गते बुधवार सम्म तोकिएकोमा कोभिड १९ को विश्वव्यापी महामारीका कारण लामो समयसम्म निषेधाज्ञाको अवस्थामा रहेको र मुलुकका बिभिन्न भागहरुमा बाढी पहिरोका कारण यातायात सहज नभएकोले आवेदकहरुलाई आवश्यक पर्ने कागजातहरु संकलन गर्न कठिनाई भैरहेको साथै शिक्षण संस्थाहरुमा न्यून संख्यामा आवेदनहरु प्राप्त भएको कारण शिक्षण संस्थाहरुबाट आवेदन फाराम भर्ने म्याद थप गरिदिन अनुरोध भएकोले देहाय बमोजिम अन्तिम मिति कायम हुने गरी मिति २०७८।०५।१७ गतेको निर्णयानुसार आवेदन फाराम भर्ने म्याद थप गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय तर्फको **आवेदन फाराम भर्ने अन्तिम मिति २०७८।०६।०४ गते** सोमवार सम्म ।

२. शिक्षण संस्थाहरुले **शुल्क बापतको रकम बुझाउने अन्तिम मिति २०७८ असोज ०५ गते मंगलवार कार्यालय समय भित्र ।**

३. परीक्षार्थीले भरेका आवेदन फारामहरु सम्वन्धित **शिक्षण संस्थाहरुले २०७८ असोज ०६ गते बुधवार राती १२:०० बजे भित्र** परिषद्, प.नि.का बाट उपलव्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा Submit गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम सम्बन्धित शिक्षण संस्थाले तोकिएको मिति भित्र Online ITMS मा Submit नभएमा सो आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेश गरिने छैन । सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्था हुनेछ ।

४. शैक्षिक शत्र २०७८/०७९ मा पहिलो पटक परिषद्बाट सम्वन्धन/स्वीकृत पाई कार्यक्रम संचालन गर्न आवेदन फाराम भराउने शिक्षणसंस्थाहरुले ITMS मा आवेदन फाराम भर्नका लागि कार्यालयको आधिकारीक पत्र info@ctevtexam.org.np मा पठाई Username र Password प्राप्त गर्न सकिनेछ । उक्त पत्रमा प्राचार्यको नाम, मोबाइल नं र इमेल अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**